

भगवती चौधरीले आफ्नो ९ कक्षासम्मको औपचारिक शिक्षालाई थाती राखेर बाँकी जीवन देश र जनताका लागि समर्पित गर्नुभयो । न्याय, समानता र समाजवादकालागि उहाँ वि.सं. २०५६ सालबाट भूमिगत राजनीतिमा होमिनुभयो । अन्ततः अधिकारकालागि लड्दालड्दै १७ वर्षको कलिलो उमेरमा सहादत प्राप्त गर्नुभयो ।

# सुदूरपश्चिमको पहिलो महिला शहिद : भगवती चौधरी (क. ज्वाला)



● रुपा सो.सी (चौधरी)

जबजब समाजमा अन्याय, अत्याचार र असन्तुलन कायम हुन्छ । तब त्यसको प्रतिरोधको क्रममा नयाँ विकल्पको खोजी हुन्छ । चाहे त्यो राणा शासनको विरुद्ध होस् वा पञ्चायती व्यवस्था विरुद्ध सबै प्रकारका राजनीतिक परिवर्तनका आन्दोलनहरूको क्रममा विक्रम सम्मत् २०५२ सालमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले सञ्चालन गरेको १० वर्षे जनयुद्धको क्रममा १६ वर्षकै कलकलाउँदो उमेरमा सहादत प्राप्त गर्नुहुने महान शहीद हुनुहुन्छ, कमरेड ज्वाला (भगवती चौधरी) । नेपालमा चलेका थुप्रै आन्दोलन, जनआन्दोलन र जनयुद्धको क्रममा सहादत प्राप्त गर्ने महान योद्धाहरू मध्य उहाँ सुदूरपश्चिम प्रदेशको पहिलो महिला शहीद हुनुहुन्छ ।

भगवती चौधरीको जन्म वि.सं. २०४० साल बैशाख २९ गते बुवा रामसिंह डगौरा थारु र आमा तन्ती डगौरा (थारु) को कोखबाट चौथो सन्तानको रुपमा कैलालीको तत्कालीन फुलबारी गाविस वडा नं. १, फुलबारी गाउँ, (हालको धनगढी उपमहानगरपालिका, वडा नं.१९ फुलबारी) मा भएको थियो । उहाँका तीन दाजु र एक बहिनी हुनुहुन्छ । उहाँको परिवारमा जीवन निर्वाहको निम्ति आफ्नो जग्गा जमिन भएकाले खासै समस्या थिएन । तर पनि समाजमा रहेका कुपरम्पराबाट अछुतो थिएन । त्यतिखेर छोरीहरूलाई स्कुल भर्ना गरेर पढन पठाउने चलन थिएन । त्यसमा पनि थारु जाति भित्र पढने भन्ने कुरा झन् पछाडि थियो । थारु जातिले अर्काको घरमा कमैया बस्ने, छोरी/बुहारीहरू कम्लहरी/बुक्रही बस्ने चलन हुन्थ्यो । कमैयाले एउटा जमिन्दारको सौकी (ऋण) तिर्न नसक्दा अर्को जमिन्दारले उसलाई पैसाले किनेर (ऋण तिरी दिएर) लैजाने चलन थियो । त्यहाँ पनि सौकी ऋण तिर्न नसक्दा दुई चार पुस्ताले पनि जमिन्दारको घरमा कमैया बनेर बस्न बाध्य हुन्थे । क्रमश: अँधिया/बटैयामा जग्गा लगाउने चलन पनि आयो । जग्गा धनीले बटैयामा जग्गा खेती गर्न दिए बापत एक जना छोरी कम्लहरीको रुपमा जमिन्दारको घरमा काम गर्न दिनुपर्थ्यो । जमिन्दारको घरमा १८ घण्टासम्म काम गर्नुपर्थ्यो । अधिकांश ठाउँमा कम्लहरीहरूको यौन शोषण पनि हुने गर्दथ्यो । थारु जातिको यो नियती वि.सं.२०५७ सालमा कमैया मुक्ति नहुँदासम्म कायम थियो ।

समाजको यो अवस्थाको बीचमा पनि उहाँको परिवार भने अलि बुझ्ने थियो । त्यही भएर भगवतीले पढन पाउनु भयो । पढाइमा तीक्ष्ण बुद्धि भएकी भगवतीको

गणित विषयमा झन् राम्रो दख्खल थियो । कक्षा एकदेखि पाँचसम्म फुलबारी प्राथमिक विद्यालय, फुलबारीमा (हाल निम्न माध्यमिक विद्यालय) कक्षा छ देखी कक्षा नौ सम्म फुलवारी माध्यामिक विद्यालय (हाल फुलवारी उच्च माध्यामिक विद्यलाय) मा उहाँको औपचारिक शिक्षा कक्षा नौ मा पुगेर रोकिएको थियो । असाध्यै चञ्चल स्वभाव भएकी भगवती हँसिलो र त्यत्तिकै मिलनसार पनि हुनुहुन्थ्यो । सानोलाई माया गर्ने र ठूलोलाई सम्मान गर्नुहुन्थ्यो ।

## राजनीतिक जीवन

वर्ग विभाजित समाजमा उत्पीडन पर्याप्त थिए । जातीय उत्पीडन, क्षेत्रीय उत्पीडन, लैङ्गिक उत्पीडन, दलित समुदाय माथिको उत्पीडन आदि । तत्कालीन नेकपा माओवादीले सम्पूर्ण उत्पीडनको अन्त्यका साथसाथै कमैया कम्लहरी कुप्रथा रहेका जिल्ला विशेष गररे दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुरमा कमैया र कम्लहरी प्रथा उन्मूलन गर्ने अभियान चलाएको थियो । थारु जातिका मानिसहरू यो अभियानबाट प्रभावित मात्र नभई आकर्षित पनि हुँदै गइरहेका थिए । थुप्रै थारु समुदायका युवाहरु अभियानमा लामबद्ध पनि भइसकेका थिए । समाजमा हुने गरेका यी विभेदलाई बुझ्न भगवतीलाई गाह्रो परेन किनकी भगवतीका माईला दाजु कम्युनिष्ट विचार धाराबाट प्रभावित भई तत्कालीन माओवादीमा आबद्ध हुनुहुन्थ्यो । भगवतीको जेठो दाजु पनि पार्टीमै संगठित हुनुहुन्थ्यो । जसले गर्दा पार्टीका थुप्रै नेताहरूसँग उहाँको भेटघाट र सम्पर्क हुँदा राजनीतिक कुराकानी र समाज परिवर्तनका कुराकानी हुन्थे । नेपालको शिक्षा नीति र विद्यार्थीहरूको हकहितको विषयमा भगवतीले धेरै पटक प्रशिक्षण पाइसक्नु भएको थियो । फलामले फलाम काट्छ भने जस्तै त्यतिखेर माओवादी पार्टीमा उत्पीडित वर्ग, जाति, समुदाय र उत्पीडित लिङ्गबाट नेतृत्व नजन्माउँदासम्म नेपालमा परिवर्तन सम्भव छैन भन्ने थियो । अर्कोतिर माओवादीमा कुनै न कुनै रुपमा आबद्ध भएपछि खुला भएर काम गर्न गाह्रो थियो । जसले गर्दा भगवती चौधरीले आफ्नो ९ कक्षासम्मको औपचारिक शिक्षालाई थाती राखेर बाँकी जीवन देश र जनताका लागि समर्पित गर्नुभयो । उहाँ वि.सं. २०५६ सालबाट भूमिगत राजनीतिमा होमिनुभयो ।

## भूमिगत राजनीतिक यात्रा

वि.सं.२०५५ सालमा विद्यार्थी संगठनमा आबद्ध भएर वैज्ञानिक शिक्षा प्राप्तिको लागि संघर्षको बाटोमा सुरुवाती पाइला टेके पनि लैङ्गिक हिसाबले महिला भएकाले महिला संगठनमा रहेर नेतृत्व गर्ने निष्कर्षसहित अखिल नेपाल महिला संघ (क्रान्तिकारी) को जिम्मा लिएर मोर्चामा अग्रसर हुनुभयो । महिला संगठनको इकाई सदस्यमा संगठित भई चाँडै नै एरिया सदस्यको जिम्मेवारी पाउनुभयो । नेतृत्व गर्ने क्षमता राम्रो भएकै कारण थोरै समयमा जिल्ला सदस्यमा निर्वाचित हुनुभयो । जनवर्गीय संगठनमा आबद्ध भएर काम गर्दै जाँदा तत्कालीन नेकपा माओवादीले पूर्ण विश्वास गरी पार्टी सदस्यता प्रदान गर्‍यो । पार्टी सदस्यता प्राप्त गरेपछि झन् थप जिम्मेवारी बोधसहित मेहनत गर्दै जाँदा पार्टी एरियाको जिम्मेवारीमा पुग्नु भएको हो । आफूले प्राप्त गरेका जिम्मेवारीलाई निकै सहज तरिकाबाट स्वीकार गर्दै ओजपूर्ण तरिकाले दायित्व निर्वाह गर्ने, हरेक काम फत्ते गर्न अनेकन तरिका अपनाउने, नआत्तिकन बुद्धिमतापूर्ण तरिकाले काम सम्पन्न गर्ने, आफूसँग भएको क्षमता र ज्ञानको पूरा प्रर्दशन गर्ने तथा अत्यन्तै सहयोगी भावना जस्ता नेतृत्वमा हुनुपर्ने गुण उहाँमा प्रशस्तै थिए ।

वर्ग संघर्षको प्रक्रिया तीव्र बन्दै गर्दा जनताका ज्यानीदुश्मन, सुदखोर, सामन्तहरूलाई कारबाही प्रक्रिया तीव्र बन्दै गइरहेको थियो । जिल्ला पार्टीको स्वीकृति तथा एरिया पार्टीको निर्णयमा तत्कालीन एक नम्बर एरियाले कैलालीको धनगढीस्थित एक सुदखोर सामन्तलाई कारबाही गर्ने निर्णय लियो । योजना अनुसार नै सबै प्रक्रिया सम्पन्न भएपछि निर्धारित कारबाही सम्पन्न गर्न वि.सं.२०५७ साल जेठ १२ गते एरिया टिम अगाडि बढ्यो । हातहतियारले लैस टिमको वैज्ञानिक शक्ति विन्यास अनुसार आक्रमण, रक्षा र कब्जा समूह मध्ये कब्जा टिमको सम्पूर्ण जिम्मेवारी लिई कारबाहीमा सहभागी भगवतीले कारबाही प्रक्रियामा अत्यन्तै महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । लक्ष्य मुताबिक सफल कारबाहीबाट जनताका नाममा बनाइएका लाखौं रुपैयाँका जाली तमसुक र नगद कब्जा गरिएका थिए । सो कारबाहीबाट शोषित पीडित जनसमुदाय अत्यन्तै खुशी भएका थिए ।

जिल्लाको मुटु मानिने सदरमुकाम भित्रै भएको पहिलो माओवादी फौजी कारबाहीले राज्य पक्षभित्र ठूलो भूकम्प गयो । राज्य पक्षबाट विद्रोहीहरूलाई

दबाउने नीति अनुरुप जिल्ला सुरक्षा समितिको बैठक बसेर ठूलो फौज परिचालन गर्ने निर्णयसहित डिएसपीको नेतृत्वमा सदरमुकामबाट प्रहरी परिचालित भए । अर्कोतिर सफल कारबाहीपछि जनतासँग खुशी साट्दै जनमुक्ति सेना योद्धाहरू सुरक्षित आश्रयस्थलमा बसिरहेको बेला वि.सं.२०५७ साल जेठ १३ गते बिहानै कैलाली जिल्ला सदरमुकाम धनगढीबाट डिएसपीको नेतृत्वमा ठूलो संख्यामा हातहतियारले लैस प्रहरी टोली अप्रेसनमा निस्क्यो । गाउँबस्ती आतंकित बन्यो । सर्वसाधारणलाई यातना दिँदै र बेइज्जत गर्दै प्रहरी अप्रेसन अगाडि बढ्यो । सुगम तराईको जिल्ला भएकोले मोटर गाडीको भरपुर फाईदा लिंदै प्रहरी फोर्सले अप्रेसन प्रक्रिया जारी राख्यो । सो अप्रेसनको सूचना जनमुक्ति योद्धाहरूसम्म पुगेछ । प्रहरीको संख्या, अप्रेसनको प्रकृया र दिशा बुझ्दै गर्दासम्म समय ढिलो भइसकेको थियो र प्रहरी नजिकै आइसकेको, गाउँमा घेरा हाली पकड जमाइसकेको स्थितिमा सिङ्गो टिमले घेरा तोडेर उम्कन सक्ने संभावना भएन । सर्चको क्रममा जनमुक्ति सेनाका योद्धाहरूलाई फेला पार्दा शुरुमा प्रहरी आतंकित भएर ज्यान जोगाउन भाग्छन् । तर ठूलो संख्यामा रहेको प्रहरी आफ्नो कमाण्डरको कडा आदेशको पालना गर्दै जनमुक्ति योद्धा बसिरहेको घरलाई प्रहरीले कैयौं घेरामा पाऱ्यो । बाहिरबाट प्रहरीले अन्धाधुन्ध गोली बर्साउन शुरु गऱ्यो । भित्रबाट जनमुक्ति योद्धाहरूको प्रतिरोध प्रक्रिया जारी रह्यो । सुनसान गाउँ एकैछिन रणमैदानमा परिणत भयो । प्रहरीको गोली लागि दर्जनौ गाईवस्तु पनि मरे । नौ जनाको संख्यामा रहेका मध्ये तीन जना प्रतिरोधकै क्रममा प्रहर ीसँग लड्दालड्दै घेरा तोड्न सफल भए भने भगवतीलगायत ६ जना कमरेडहरू घरभित्रबाट प्रतिरोध गरिरहे । दोहोरो भिडन्त बिहान नौ बजेदेखी दिउँसो एक बजेसम्म झण्डै चार घण्टा चल्यो । आफूसँग भएको सीमित युद्ध सामग्रीबाट लामो समयसम्म भिडन्त गर्दै गर्दा जनमुक्ति सेनासँग भएको सामाग्री समाप्त भयो । सोही मौका छोपी प्रहरीले घरमा आगो लगायो । जेठ महिनाको प्रचण्ड गर्मीमा घर दनदन्ती बल्दै खरानी हुन थालेपछि योद्धाहरु घरबाट निस्कन बाध्य भए सो क्रममा भगवती चौधरीले घेरा तोड्ने प्रयास गर्दै गर्दा खुट्टा मर्किएर दौड्न सक्ने स्थिति भएन र उहाँ प्रहरीको कब्जामा पर्नुभयो । प्रहरीले उहाँलाई आफ्नो कब्जामा लिएर चार घण्टासम्म चरम यातना दिंदा पनि उहाँले पार्टीलाई क्षति हुने कुनै पनि गोपनियता नखोलेको भगवतीका सहकर्मी नेताहरुले अहिले पनि बताउनु हुन्छ । अपमान र यातना सहेरै तत्कालीन सत्तालाई निरन्तर चुनौती दिइरहनु भयो । अन्तत: केही सिप नलाग्दा जेनेभा कन्भेन्सन सन्धीको

ठाडो उल्लघंन गर्दै नेपाल आमाकी एक होनहार योद्धालाई गोली हानेर हत्या गरियो । उहाँसँगै कमरेड चित्रबहादुर चौधरी, कमरेड जगदिश चौधरी, कमरेड रामसिंह चौधरी, कमरेड रामदास चौधरी र कमरेड एटम गरी ५ जना होनहार योद्धाहरूले कैलालीको तत्कालीन उर्मा गाविस-७ (हालको धनगढी उपमहानगर पालिका-१७) दुर्भन्ना भन्ने ठाउँमा शहादत प्राप्त गर्नुभयो । नेपाली जनताको अधिकार प्राप्तिको आन्दोलनको इतिहासमा सधैंका लागि अमर हुनुभयो ।

नेपालमा भएका परिवर्तनहरूका पछाडि यस्ता वीरविराङ्गनाहरूको बलिदानले महत्वपूर्ण भुमिका खेलेको छ । संवैधानिक सर्वोच्चता, मानव अधिकार, मौलिक अधिकारहरूका साथै नीति निर्माण तहमा एकतिहाइ महिला सहभागिता जस्ता विषयहरूका निम्ति हाम्रा थुप्रै दिदीबहिनीहरुले हाँसी-हाँसी आफ्नो प्राणको आहुति दिनुभएको छ ।

भगवती र उहाँ जस्ता महिलाहरुको त्याग, तपस्या र बलिदानले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । समाजवाद हुँदै साम्यवादसम्म पुग्नका लागि गर्नैपर्ने थुप्रै कार्यभार वर्तमान र भावी पुस्तालाई छोडेर जानुभएको छ । इमानदारपूर्वक यी कार्यभार पूरा गर्नु नै शहीदहरुप्रति सच्चा श्रद्धाञ्जली हुनेछ । क. ज्वालाप्रति श्रद्धाञ्जली । ●